# छत्रकोट गाउँपालिका गुल्मीको सार्वजनिक सुनुवाई प्रतिवेदन

## २०७९




मिति :२०८०/०२/०८

**प्रस्तुतकर्ता**

भुवन भुसाल

रेडियो श्रृङ्गेश्वर १०४.४ मेगाहर्ज

छत्रकोट ३, गुल्मी

# विषय सूची

क्र.सं. शीर्षक

१. पृष्ठभूमि

२. उद्देश्य

३. सार्वजनिक सुनुवाई सहभागी गाउपालिका टोली :

४. सार्वजनिक सुनुवाई कार्यक्रममा सरोकारबालाहरूबाट उठाइएको गुनासा/सुझाव र दिईएका जवाफहरु

५. सिफारिस

६. सार्वजनिक कार्यक्रमका केही झलकहरु
अनुसूची १

७. उपस्थिति र निर्णय पुस्तिका अनुसूची २

## १. पृष्ठभूमि

स्थानीय तह र नागरिकहरूका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गर्न सार्वजनिक सुनुवाई गरिएको छ ।

स्थानीय तहवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गाउपालिकाबाट आर्थिक वर्ष २०७९/८० मा सञ्चालित योजनाहरुको अवस्था नागरिकहरूको बिचमा सार्वजनिक गर्ने छत्रकोट गाउपालिकाको निर्णय बमोजिम रेडियो श्रृईश्वरको सहजिकरणमा छत्रकोट गाउपालिको वडा नं ३ चोयगामा अवस्थित सभाहलमा २०८०/04/२८ गते सार्वजनिक सुनुवाई सम्पन्न गरेर भएका क्रियाकलाप र नागरिकका गुनासा अनि सुझाव सहितको रिपोर्ट पेस गरेका छौ ।

### २. उद्धेश्यः

- आ.व ०७९/०८० मा सञ्चालन गरेको योजनाहरूको कार्यान्वयनका बारेमा जानकारी लिने र दिने ।
- सञ्चालित कार्यक्रमको बारेमा सर्वसाधारण जनताको राय सुझाव संकलन गर्ने ।
- योजना कार्यक्रम सञ्चालनका क्रममा कमिकमजोरी भएमा स्थानीय वासीको राय बुझ्ने ।
- ऐन नियमको पालना गर्ने ।
- योजना सञ्चालनबाट स्थानीयस्तरमा परेको प्रभावको जानकारी लिने ।
- जनताबाट गाउपालिकाप्रति उठाएका प्रश्नहरूको उत्तर तत्काले दिने ।
- उचित सुझाव सल्लाहलाई आगामी योजना सञ्चालनमा ाभभमदबअप को रुपमा लिने कार्यान्वयन गर्दै जाने ।

### ३. सार्वजनिक सुनुवाईमा सहभागी गाउपालिका टोली :

गाउपालिका अध्यक्षः श्री राम प्रसाद पाण्डेय

गाउपालिका उपाध्यक्ष : श्री सावित्रा ज्ञवाली

प्रमुख प्रशासकिय अधिकृत : श्री वीर बहादुर पुन

वडा नं १ का वडा अध्यक्ष : श्री घनस्याम न्यौपाने

वडा नं ३ अध्यक्ष : श्री तेजकान्त अर्याल

वडा नं ४ अध्यक्ष : श्री गुणाखर ज्ञवाली

वडा नं ५ अध्यक्ष : श्री रामप्रसाद कंडेल

वडा नं ६ अध्यक्ष : श्री नारायण रेस्मी

वडा नं ४ अध्यक्ष : श्री गुणाखर ज्ञवाली

योजना तथा प्रशासन शाखा प्रमुख : हरी टण्डन

पुर्वाधार शाखा प्रमुख : पुस्कर खनाल

आर्थिक प्रशासन शाखा प्रमुख : संतोष जिसी

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख : टिकाराम आचार्य

स्वास्थ्य शाखा प्रमुख : स्याम सुन्दर पोखेल

सुचना प्रविधि, राजस्व शाखा प्रमुख : भुषण भुसाल

पशु शाखा प्रमुख : टेक बहादुर खनाल

कृषि शाखा प्रमुख : पवित्रा घिमिरे

महिला बालबालिका तथा ज्येष्ठ नागरिक प्रमुख :सिता कुमारी थापा बुढाथोकी

प्रधानमन्त्री रोजगार शाखा प्रमुख : शोभा श्रेष्ठ

जिन्सी शाखा प्रमुख : होमनाथ पन्थ

लघु उधम शाखा प्रमुख : यमुना कुमारी शर्मा अधिकारी

पशु कृषि प्राबिधिक, ईन्जिनीयर, स्वास्थ्यकर्मी, सहकारी बिभाग, कार्यपालिका तथा वडा सदस्यहरू

## ४. सार्वजनिक सुनुवाई कार्यक्रममा सेवाग्राहिबाट उठाइएको गुनासाहरू र दिईएका जवाफहरु

छत्रकोट गाउपालिकामा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको सुरुमै गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत वीर बहादुर पुनले गत आर्थिक वर्षमा गाउपालिकाले प्रदान गरेका सेवा, भौतिक एवं वित्तिय प्रगतीका बारेमा दृष्य सामाग्रीको समेत प्रयोग गरेर जानकारी गराउनुभएको थियो । सुनुवाईमा प्रश्नोत्तर सुरू भएपछि सरस्वती माबी भेडुवाका प्र.अ. भुवन टण्डनले खर्ज्याË वडा कार्यालय भवनको गुणस्तर कमजोर देखिएको, पल्लीकोटको ग्वाघा जाने बाटोमा राखिएको जाली सामान्य बर्खामै बग्न लागेकोले अनुगमनको पक्ष फितलो

भएको भन्दै सहि काम भए नभएको समयमा अनुगमन गर्न आग्रह गर्नुभयो । टण्डनले कालोपत्रे बाटो संग जोडिएको जमिनलाई पनी कृर्षि जमिनमा वर्गिकरण गरिएकाले समस्या भएको बताउनुभयो । स्वास्थ्य तर्फको गुनासो राख्दै टण्डनले पिपलनेटामा रहेको स्वास्थ्य केन्द्रमा पाउनु पर्ने निशुल्क औषधि नपाएको गुनासो गर्नुभयो । उठेका प्रश्नको बिषयगत शाखा प्रमुखले जवाफ दिदै अनुगमन थप प्रभावकारी बनाई आगामी दिनमा यस्ता गुनासो आउन नदिने प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यस्तै छत्रकोट ३ लुम्छाका किसान बिष्णु प्रसाद पन्तले गाउपालिकाको वडा नं ३ मा सम्पन्न जलवायु अनुकुलन कार्यक्रमको बारेमा प्रस्तुतीकरण गर्दा अझै धेरै महत्व दिएको भए राम्रो हुने सुझाव दिनुभयो । जवाफमा प्रमुख प्रशासकीय अधिकृत वीर बहादुर पुनले प्राविधिक समस्याले यस्तो भएको बताउदै आफुले सो कार्यक्रमलाई महत्व दिएको बताउनुभयो ।

अर्का प्रश्नकर्ता नारायण प्रसाद ज्ञवालीले गत वर्ष संचालित कक्षा ८ को ग्रेड वृद्धि परीक्षा पालिकामा संचालन गर्दा टाढाका बिद्यार्थीलाई समस्या परेको भन्दै आउादा दिनमा पायक पर्ने स्थानमा संचालन गर्न सुझाव दिनुभयो । जवाफमा शिक्षा शाखा प्रमुख टिकाराम आचार्यले थोरै बिद्यार्थीलाई फरक फरक स्थानमा परीक्षा गराउादा समस्या हुने भएकाले यसो गरिएको बताउदै पालिकामा परीक्षा गराउादा नै अपेक्षित सफलता प्राप्त हुने जवाफ दिनुभयो ।

त्यस्तै धातानन्द भुसालले बुदागत सुझाव राख्दै ब्लक समिति व्यवहारिक नभएको, टेक्निकल कर्मचारीलाई अझै तालिमको आवस्यकता भएको, कृषक पेन्सन काटिएको हल्ला चलेकाले वास्तविकता के हो ? बजेट पुरै खर्च गर्न किन नसकिएको? जेसिवी खरिद गरिएको तर संचालन प्रक्रिया के हो ? सडकको डिपिआर गर्दा वालको पनि गर्न सुझाव दिनुभयो । जवाफ दिदै गाउपालिका अध्यक्ष रामप्रसाद पाण्डेयले ब्लक समिती अब हटाएर टोल बिकास संस्था गठन गरिने बताउदै अर्को सुझाव टेक्निकल कर्मचारीका विषयमा तालिम वा थप के गर्नु पर्ने हो गर्ने बताउनुभयो । वहाले पेन्सन वास्तविक रुपमा प्रोत्साहन हुनुपर्ने बताउदै हाललाई नियमित रहेको जनकारी गराउदै यसलाई राख्ने वा हटाउने किसान संग नै छलफल गर्न लागिएको बताउनुभयो । पालिकाले जेसिवी खरिद गरेको र पालिका भित्रैका सडक मर्मत गर्न सो मेसिन प्रयोग गर्ने बताउदै सडक संगै वालको पनि डिपिआर गर्न पालिकामा श्रोत अभाव रहेको बताउनुभयो ।

अर्का प्रश्नकर्ता रामचन› कंडेलले शैक्षिक क्षेत्र सुधारका निम्ति बिज्ञ सम्मीलित छलफल गर्न सुझाव दिनुभयो । कृषिमा बाादर मुख्य समस्या रहेको भन्दै बाादर छोपेर स्थानान्तरण गर्न सकिन्छ कि भन्ने सुझाव दिनुभयो ।

पुर्व जनप्रतिनिधि समेत रहनु भएका धातानन्द भण्डारीले अन्य समितीको खर्च प्रतिशत ८० कटेको तर आर्थिक समितीको खर्च किन ६०Ü मात्रै भन्दै जिज्ञासा राख्नुभयो । भण्डारीले हुंगामा गाई पाल्ने किसानलाई गत वर्ष दिने भनिएको अनुदान अन्तिममा आएर किन नदिएको त्यो अहिले दिने गरि बजेटको व्यवस्था छ वा छैन भन्ने प्रशन राख्नुभयो । वहाले पालिकाको खरिद प्रक्रिया के हो किन किनेका ट्याक्टर वितरणमा ढिलाई गरेको भन्दै थप जिज्ञासा राख्नुभयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सक्रिय सहभागी हुादै वडा नं ४ कि लक्ष्मी न्यौपानेले महिला लक्षित कार्यक्रम फलदाई भएको भन्दै पालिकालाई धन्यवाद दिनुभयो र पुनः ताजगी तालिम संचालन गर्न आग्रह गर्दै उत्कृष्ट व्यवसायीलाई के प्रोत्साहनको व्यवस्था छ

भन्ने जिज्ञासा राख्नुभयो । अमृता थापा जिसिले लुम्बिनी प्रदेश सरकारले अहिले अनुदानको लागि आवेदन खुलाएको तर पालिकाको बिधालयहरुमा गत वर्षदेखी लेखा परीक्षक नपठाउादा आवेदन राख्न नपाईएकोले लेखापरीक्षण कहिले हुन्छ भन्ने जिज्ञासा राख्नुभयो ।

छत्रकोट ३ का स्यामलाल पन्थले बाादर आतंक बढेकाले बैकल्पिक खेतीको नीति ल्याउन सुझाव दिदै भारतको गडवाल राज्यमा बाादर आतंक बढेपछी त्यहाा तम्बाखु खेती गर्न लागिएको उदाहरण दिनुभयो । पन्थले अनुगमन गर्दा राजनीतिक दललाई पनि सहभागी गराउन, कृषि अनुदान दिएका किसानको नियमित अनुगमन गर्न, व्यवसायिक तालिम संचालन गर्दा स्थानिय भुभागमा उत्पादन हुने कच्चापदार्थ प्रयोग गरेर उत्पादन गर्न सकिने सिपको तालिम दिन सुझाव दिनुभयो ।

उठेका हरेक जिज्ञासा र प्रश्नको गाउपालिका अध्यक्ष राम प्रसाद पाण्डेय, उपाध्यक्ष साबित्रा ज्ञवाली, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरू,बिषयगत शाखा प्रमुख हरुले पालैपालो जवाफ दिनुभएको थियो । कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि, भौतिक पुर्वाधार, सेवा, सुशासन लगायतका बिषयमा प्रश्न जिज्ञासा र सुझाव आएका थिए । कार्यक्रमको सहजीकरण रेडियो शृङ्खरको तर्फबाट भुवन भुसालले गर्नुभएको थियो ।

## ६ सिफारिस

छत्रकोट गाउापालिकाले सभाहलमा गरेको सार्वजनिक सुनुवाई अत्यन्त प्रभावकारी रह्यो । सार्वजनिक सुनुवाईमा गाउापालिका र वडाले गरेको कामको कुरा थुप्रै उठे । उठेका प्रश्नहरूको जवाफबाट स्थानीय सरोकारवालाहरू सन्तुष्ट भएको पाइयो । करिब ४ घण्टा सम्म चलेको सुनुवाईमा महिला, युवा, व्यवसायी, बृद्धबृद्धा, आमा समुह, युवा क्लब,राजनितीक दलको सक्रिय सहभागीता थियो भने सहभागी मध्य लगभग ९५ प्रतिशत सेवाग्राहिले गुनासो र सुझाव दिएका थिए । आगामी दिनमा गाउापालिका र वडाबाट विनियोजन भएका योजनाहरू नियमित र समयमै अनुगमन हुनुपर्ने, सेवाप्रबाह र प्रक्रियाका बारेका नागरिकमा सचेतना अभिबृद्धि गर्न आवश्यक देखियो ।

## ८. सार्वजनिक सुनुवाईका केही झलकहरू




